# निर्णय प्रतिलिपि

आज मिति २०७४ साल कार्तिक २१ गते मंगलबार दिनको १.३० बजे धुलिखेल नगरपालिका, नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री अशोक कुमार ब्याञ्जु श्रेष्ठको अध्यक्षतामा आठौं बैठक बस्यो । उपस्थिति निम्नानुसार छन् ।

## उपस्थिति

| | |
|---|---|
| १. नगर प्रमुख श्री अशोक कुमार ब्याञ्जु श्रेष्ठ | उपस्थित |
| २. उप प्रमुख श्री विमला कुमारी चौलागाई शर्मा | उपस्थित |
| ३ वडा अध्यक्ष श्री रमेश प्रसाद घोरासाईने | उपस्थित |
| ४. का.वा. वडा अध्यक्ष श्री टिका बल्दव सापकोटा | उपस्थित |
| ५. वडा अध्यक्ष श्री विनोद पराजुली | उपस्थित |
| ६. वडा अध्यक्ष श्री रविन्द्र कर्माचार्य | उपस्थित |
| ७. वडा अध्यक्ष श्री गंगा सागर रजितकार | उपस्थित |
| ८. वडा अध्यक्ष श्री सञ्जय कोजु | उपस्थित |
| ९. वडा अध्यक्ष श्री मिरु कुमारी भण्डारी श्रेष्ठ | उपस्थित |
| १०. वडा अध्यक्ष श्री निराजन जंगम | उपस्थित |
| ११.वडा अध्यक्ष श्र बसन्त बहादरु रानाभाट | उपस्थित |
| १२. वडा अध्यक्ष श्री पृष्पराज राउत | उपस्थित |
| १३. वडा अध्यक्ष श्री विष्णु धिताल | उपस्थित |
| १४ वडा अध्यक्ष श्री हर्क बहादुर तामाङ | उपस्थित |
| १५. नगर कार्यपालिका सदस्यहरु श्री जमुना देवी लामा तामाङ | उपस्थित |
| १६. " " श्री रसिला तामाङ लामा | उपस्थित |
| १७. " " श्री रोजना श्रेष्ठ | उपस्थित |
| १८. " " श्री सन्जु तामाङ | उपस्थित |
| १९. " " श्री संगिता श्रेष्ठ | उपस्थित |
| २०. " " श्री अर्जुन बहादुर भुजेल | उपस्थित |
| २१. " " श्री कृष्ण बहादरु भुजेल | उपस्थित |
| २२. " " श्री सुमेश परीयार | उपस्थित |
| २३. कार्यकारी अधिकृत श्री महेश बराल | उपस्थित |

कार्यकारी अधिकृत

नगर कार्यपालिकाको कार्यालय
धुलिखेल नगरपालिका
धुलिखेल, काभ्रेपलाञ्चोक
३ नं. प्रदेश, नेपाल

निर्णयहरु

निर्णय नं. १

यस नगरपालिकाबाट आश्विन मसान्त भित्र सम्पादन गरिएका कार्यक्रम उपर नगर प्रमुखबाट तैयार गरी पेश भएको प्रगति प्रतिवेदन प्रस्तुत भई जानकारी प्राप्त भयो । साथै सो सम्बन्धी देहाय बमोजिम निर्णय गरियो :

१.१ छुट भएका भुकम्प पिडितहरुको गुनासा फाराम भर्ने कार्य जारी रहेको अवस्थामा नै म्याद समाप्त भएको बुझिएकोले बांकी पीडितको निवेदन उपर आवश्यक कार्वाही गर्न म्याद थपको लागि राष्ट्रिय पुनर्निमाण प्राधिकरणको केन्द्र र जिल्लामा अनुरोध गर्ने निर्णय गरियो । परीचालित कर्मचारीहरुलाई नगरपालिकाको श्रोतबाट थप केही दिन काममा लगाउने ।

१.२ प्रदुषण हुने उद्योग तथा कारखाना संचालन गर्नको लागि अनुमति तथा सिफारीस गर्दा धुलिखेलको पर्यावरण र पर्यटकीय पहिचानलाई नकरात्मक असर पार्ने उदोग तथा कल कारखानालाई अनुमति स्वीकृतिका सिफारीस नगर्ने नीति लिने । हाललाई प्रदुषण गर्ने इटा उद्योगहरु तथा प्रदुषण गर्ने यस्तै प्रकृतिका अन्य उदोगहरु स्थापनाको सिफारीस नगर्ने निर्णय गरियो । यस्को जानकारी सम्बन्धित निकायमा समेत पठाउने निर्णय गरियो ।

१.३ यस नगरपालिको स्थापना दिवस आगामी मिति २०७४ फागुण ०५ गते मनाउने निर्णय गरियो स्थापना दिवसको आयोजनाको लागि निम्न बमोजिमको पूर्व तयारी समिति गठन गर्ने

तपसिल :

संयोजक- उपप्रमुख श्री बिमला कुमारी चौलागाई शर्मा

सदस्य- वडा अध्यक्ष श्री बिनोद पराजुली

सदस्य- वडा अध्यक्ष श्री गंगासागर रञ्जितकार

सदस्य- कार्यपालिका सदस्य श्री जमुनादेवी लामा तामाङ्ग

सदस्य सचिव- कार्यकम अधिकृत, श्री बिदुर गौतम

स्थापना दिवसको कममा यस नगरपालिकाको आर्थिक, सामाजिक, सांस्कृतिक विकासमा महत्वपुर्ण योगदान गर्ने व्यक्ति, संस्था, क्लव, समुह, सहकारी, विद्यालय लगायत नगरपालिकाका पदाधिकारी तथा कर्मचारीहरुलाई थप प्रभावकारी कार्य गर्न प्रेरणा मिलोस भनी सम्मानित गर्ने।

१.४ फोहरमैला व्यवस्थापनको लागि मिति २०७३/०५/३१ मा भएको सम्झौता परीमार्जन गरी नयां सम्झौता गरीएको व्यहोरा जानकारी भयो । सम्झौता परीमार्जन भै सकेको कारणले सरसफाई कार्यलाई सम्झौता बमोजिम प्रभावकारी रुपमा संचालन गर्न सम्बन्धित संस्थालाई तथा सेवा शुल्क असूली लगायत सम्झौताको पूर्ण कार्यान्वयनको वातावरण निर्माण गर्न नगरपालिकाको सम्वन्धित शाखा तथा वडा कार्यालयहरुलाई निर्देशन दिने तथा घरधुरीको तर्फबाट तिर्नुपर्ने मासिक सरसफाई शुल्क मिति २०७३ आश्विन महिना देखिको बक्यौताको रुपमा अशुल गर्न राजश्व नीति तथा प्रशासन उपशाखालाई निर्देशन दिने ।

निर्णय नं. २

सडकबोर्ड नेपाल तर्फको सबै योजनाहरुमा प्राप्त बजेट अख्तियारी बमोजिम अनुपातको हिसावले रकम समायोजन गर्ने निर्णय गरियो । सडकबोर्ड तर्फ जनसहभागिता रकम २० प्रतिशत कायम गर्ने र नपुग रकम नगरपालिकाले समपुरक कोषबाट व्यवस्थापन गर्ने ।

निर्णय नं. ३

चालु आ.व.को नगर सभाले फरक प्रकृतिका तथा केही मौलिक कार्यहरु संचालन गर्ने निर्णय गरेकोले उक्त कार्यहरुको कार्य सम्पादनका लागि खाका तयार गर्न र सहजिकरण गर्न देहाय बमोजिम ३ सदस्यीय समिति गठन गर्ने निर्णय गरियो ।

कार्यकारी अधिकृत

धुलिखेल नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
धुलिखेल, काभ्रेपलाञ्चोक
३ नं. प्रदेश, नेपाल

३.१ सुकुम्बासी व्यवस्थापन समिति

क) संयोजक- सुमेश परियार

ख) सदस्य- संजय कोजु

ग) सदस्य सचिव- धन बहादुर बस्नेत

३.२ शालिकहरु निर्माण कार्य समिति

क) संयोजक- कृष्ण बहादुर भुजेल

ख) सदस्य- निराजन जंगम

ग) सदस्य- राजन न्यौपाने

घ) सदस्य सचिव- हरेराम हुमागाई

३.३ वर पिपल चौताराको निर्माण एवं आहाल तथा पोखरी संरक्षण समिति

क) संयोजक- हर्क बहादुर तामाङ्ग

ख) सदस्य- रमेश प्रसाद घोरासाईने

ग) सदस्य- दिनेश तिमल्सिना

घ) सदस्य सचिव - बिजय कुमार बडाल

३.४ बालमैत्री सूचकहरुको कार्यान्वयन समिति

क) संयोजक- रोजना श्रेष्ठ

ख) सदस्य-पुष्पराज धिताल

ग) सदस्य सचिव- बिदुर गौतम

**निर्णय नं. ४**

Bonn, Germany मा Dec 09-14 2017 मो COP23 मा यस नगरपालिकाबाट भाग लिन यस नगरपालिकाबाट नगर प्रमुख श्री अशोक कुमार व्याञ्जु श्रेष्ठ लाई भ्रमणको निमन्त्रणा प्राप्त भएकाले सो कार्यक्रममा सहभागी हुन नगर कार्यपालिकाको तर्फबाट मनोयन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५**

श्री सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयबाट नमूना कानूनको रुपमा प्राप्त नगरपालिकाको सहकारी ऐन, २०७४ सम्बन्धी मस्यौदा सम्बन्धित बिज्ञहरुको राय परामर्श समेत लिई स्वीकृतिका लागि आगामी नगर सभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६**

विनाशकारी भुकम्प पछिको राहत वितरण तथा धुलिखेलको स्वास्थ्य सेवामा विगत लामो समय देखी योगदान गरेवापत Prof Dr. Jong Kyu Lee लाई निजको आसन्न तथा धुलिखेल भ्रमणको क्रममा सम्मान प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७**

मेयर कप फुटबल तथा भलिबल प्रतियोगितामा दर्ता तथा खेल सामाग्री खरिद वापत खर्च भएको रकम प्रत्येक सहभागी टिमलाई रु. २५ हजार तथा एउटै वडाबाट २ टोली सहभागी भएको अवस्थामा रु ४० हजामा नबढ्ने गरी खेलकुद विकास शिर्षकबाट भुक्तानी गर्ने र वडाले यस शिर्षकमा थप खर्च नगर्ने/नगराउने निर्णय गरियो ।

कार्यकारी अधिकृत

नगर कार्यपालिकाको कार्यालय धुलिखेल नगरपालिका धुलिखेल, काभ्रेपलाञ्चोक ३ नं. प्रदेश, नेपाल २०७३

**निर्णय नं. ८**
सडक मर्मत सम्बन्धी कार्यको अध्ययन, खरीद प्रकृया सुधार, लगायतका कार्यमा प्राविधिक सहयोग गर्न DFID को AiiN –APPIIC कार्यक्रम संग अनुरोध गर्ने र सहमति बमोजिम सहयोग लिने निर्णय गरियो ।

**निर्णय नं. ९**
नगर सभा सम्पन्न भए पश्चात पनि समय समयमा माग भई आउने पटके खालका भैपरी प्रकृतिका योजना तथा कार्यक्रम सम्बन्धमा आवश्यकता, औचित्यता तथा प्रचलित कानून समेत विचार गरी आवश्यक नीति निर्धारण गर्ने निर्णय गरियो ।

**निर्णय नं. १०**
धु.न.पा आयोजक तथा प्रमुख सहभागी भई संचालन भएका देहायका कार्यक्रमहरुलाई खेलकुद विकास शिर्षकबाट तोकीएको रकममा नबण्ने गरी, खर्चको बील बमोजिम आर्थिक सहयोग प्रदान गर्ने निर्णय गरियो ।

**तपशिल :**
साईक्लिङ्ग रयाली कार्यक्रम - २५ हजार
योग शिबिर कार्यक्रम - ३० हजार
मेयर कप फुटबल प्रतियोगिता - ७० हजार
मेयर कप भलिबल प्रतियोगिता - ४० हजार

**निर्णय नं. ११**
नेपालको संविधान बमोजिम प्रदेश कार्यान्वयन क्रममा रहेको आसन्न निर्वाचन पश्चात प्रदेश सभा सकृय हुने र यस क्रममा प्रदेश सभाले प्रदेशको केन्द्र तोक्ने हुदां, धुलिखेल नगरपालिका तथा काभ्रे उपत्यकालाई प्रदेशको केन्द्र तथा राजधानी तोक्न आवश्यक पहल गर्ने निर्णय गरियो ।

२०७४।८।२१
कार्यकारी अधिकृत

नगर कार्यपालिकाको कार्यालय
धुलिखेल नगरपालिका
धुलिखेल, काभ्रेपलाञ्चोक
३ नं. प्रदेश, नेपाल
२०७३